संघीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित
मुलुकी
राष्ट्रिय दैनिक
खबर
माझखर्क
साप्ताहिकको सह-प्रकाशन

बितरक चाहियो
त्रियुगा नगरपालिका उदयपुरको वडा नम्बर ९ राटमाटे, वडा नम्बर १० बोक्स, करमगाछी र नयाँबस्ती क्षेत्रमा मुलुकी दैनिक पत्रिका बितरण गर्ने बितरक चाहियो। सम्पर्क - ९८४२९८५१८८

■ बर्ष-१५, ▶▶ अंक ३४२ ▶▶ असार १७ बिहिबार,२०७८, June – 31 Thursday 2021, यलेदुङ किरात सम्बत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▶▶ मूल्य रु. ५/- www.majhkharka.com

सडकपेटी अबरुद्ध गर्नेलाई कारबाही गर्दै त्रियुगा नगरपालिका

❖ **बुद्धि कुमार राई**

गाईघाट, असार १६

त्रियुगा नगरपालिकाले बिहिबारदेखि गाईघाट बजार क्षेत्रको सडकपेटीमा सामान, सवारी साधन राखेर सडकपेटी अबरुद्ध गर्नेहरु बिरुद्ध कारबाही सुरु गरेको छ।

पैदलयात्रीको सुरक्षाको निम्ति बनाईएको सडकपेटी ब्यापारीहरुले सडकपेटीमा सामान राख्ने, सवारी साधन राखेर अबरुद्ध गर्ने गरेकोमा बिहिबारदेखि त्रियुगा नगर प्रहरीले कारबाही अगाडी बढाएको हो।

त्यस्तै मुलुकी दैनिक पत्रिकाले जेठ २९ गते शनिबार त्रियुगा नगरपालिका १३ पुरानो गाईघाट त्रिवेणीचोकमा सोलार सडकबत्तीको सोलार प्यानल हावाले उडाएर भुईमा अलपत्र अवस्थामा रहेको सोलार प्यानल प्रकाशन गरेको थियो। उक्त अत्रपत्र अवस्थामा रहेको सोलार प्यानलपनि समाचार प्रकाशन भएको १७ दिन पनि बुधबार नगरपालिकाले उठाएर नगरपालिकामा राखेको छ।

त्रियुगा नगरपालिकाकाका कार्यालय प्रमुख कार्यकारी अधिकृत लक्ष्मण बहादुर थापाले सो सोलार प्यानल कर्मचारीलाई ल्याउन आदेश गरेपछि उक्त सोलार प्यानल अहिले नगरपालिकाभित्र राखिएको छ। त्रियुगा नगरपालिकाले बुधबारदेखि सडकपेटी सफाई गरेर राम्रो काम सुरुवात गरेको छ।

केन्द्रीय सदस्य राई उदयपुरमा

❖ **मुलुकी संवाद्दाता**

उदयपुर, असार १६

नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य भिषण राई बुधबार उदयपुर आएका छन्। उनले नेपाल पत्रकार महासंघ उदयपुर शाखाको भबन अबलोकन तथा महासंघ पदाधिकारीसंग छलफल गरेका छन्।

केन्द्रीय सदस्य राईले महासंघले पछिल्लो समय गरेको गतिविधिको बारेमा उपस्थित पत्रकारहरुलाई जानाकारी गराएका थिए। भेटमा पत्रकार महासंघ उदयपुरका सचिब बिश्वराज तामाङ, सदस्य बुद्धिकुमार राई, पूर्व सहसचिब गजेन्द्र राई, टम्पशेर राईको उपस्थित रहेको थियो।

बेलका नगरपालिकाको कार्यालय तोडफोड

❖ **मुलुकी संवाद्दाता**

गाईघाट, असार १६

उदयपुरको बेलका नगरपालिकाको कार्यालयमा बुधबार ढुंगामुढा भएको छ। स्थानीयको ऐलानी जग्गालाई कबुलियत वन बनाउन सिफारिस गरेको भन्दै सोको विरोधमा गाउँलेहरुले ढुंगामुढा गरेका हुन्। ढुंगामुढाबाट नगरपालिकाको कार्यालयमा क्षती पुगेको छ।

विरोध गर्दै नगरपालिकामा जम्मा भएको गाउँलेहरुले ढुंगामुढा गरेपछि प्रहरीसंग झडप भएको थियो। झडपमा प्रहरी र गाउँले दुबैपक्षका केही घाइते भएका छन्।

तनावग्रस्त स्थिति नियन्त्रणका लागि प्रहरीले केही राउन्ड हवाईफायर र अश्रुग्याँस प्रहार गरेको थियो। स्थानीय १६ जनालाई पक्राउ समेत गरेको जनाइएको छ। आफ्नो हक अधिकारको रक्षाका लागि शान्तिपूर्ण आन्दोलन गरेका गाउँलेमाथि प्रहरी दमन भएको भन्दै विभिन्न राजनीतिक दलले विज्ञप्ती निकालेका छन्। बेलका नगरका नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, जनता समाजवादी पार्टी, राप्रपा नेपालपक्र र नेकपाले विज्ञप्ती निकालेका हुन्।

जनतामाथि अश्रुग्यांस, गोली, लाठी प्रहार गरिनु निन्दनीय कदम भनेका छन्। पक्राउ परेकाहरुलाई विनासर्त रिहाइ गर्न र गाउँलेको माग पुरा गर्न भनिएको छ। अन्यथा आन्दोलन गर्ने चेतावनी दिइएको छ।

यसैबीच पक्राउ परेका १६ जनालाई दलका नेताहरुको रोहबरमा बेलुका छाडिएको छ। आन्दोलनरतपक्षले जनताकोऐलानी जग्गा कबुलियत वन बनाउन गरिएको सिफारिस फिर्ता नभएसम्म आन्दोलन गर्ने जनाएका छन्।

पाण्डे श्री सप्लायर्स & ट्रेडर्स
त्रियुगा ११, असारी रोड
यहाँ स्वदेशी तथा विदेशी रक्सि, चुरोट तथा सुर्तीजन्य पदार्थ होलसेल तथा खुद्रा मुल्यमा पाईन्छ।

पाण्डे श्री सप्लायर्स & ट्रेडर्स

त्रिनपा – ११ गाईघाट, उदयपुर, असारीरोड, लालिगुराक बोडिङदेखि पुर्व काका होटलसंगै जोडिएको।

प्रोपाइटरः–**बिनोदकुमार पाण्डे**

सम्पर्कः– ९८५२८३०५८२ *यहा स्वदेशी तथा विदेशी रक्सीहरु तथा विभिन्न ब्राण्डका पेय पदार्थहरु होलसेल मुल्यमा पाईन्छ।*

सम्पादकिय

सुरक्षापोष्ट बनाऊ ।

उदयपु जिल्लाको सदमुकाम हेको सुन्द नगी गाईघाटको मुख्य चोकमा के ाख्ने भने अहिले त्रियुगा नगपपापालिकाले विषयान्त गहिके छ। इतिहासको कुा गर्ने हो भने इतिहास के थियो त्यसको खोजी गनिुपर्दछ । गाईघाटको मुख्य चोकमा अहिलेको विकसित अबस्थामा सडक सुक्षित गर्न आकासेपुलको आबश्यकता, जेब्रा क्रसको आबश्यकता हो कि केहीको स्माकको आबश्यकता हो ?

त्रियुगा नगपालिकाले ग्रिन सिटीको नाममा बनाएको सडकका बिच भागको फलामे बाले गर्दा अहिले जेब्रा क्रसिङ बनाउन समस्या भईहेको छ । मुख्य चोकको बिच भागमा बनाईने संचनादेखि सवाी साधन मोड्ने क्षेत्र कम्तिमा २५ मिट हुनुपर्दछ। अन्यथा सवाी साध मोड्न सक्दैन बाटो हिडने जेब्रा क्रसिङका पैदलयात्री जोखिममा पर्दछ। अब इतिहास पहिचान बनाउन अहिले गाईघाटको मुख्य चोकमा ट्राफिक लाईट सहितको सानो केही संचना बनाईनुपर्दछ । पैदलयात्रुको सुक्षाको निम्ति ट्राफिक लाईट सहितको जेब्रा क्रसिङ बनाउनु त्रियुगा नगपालिकाको लागि हित उपलब्धी हुनेछ। गाईघाटको पहिचानको निम्ति हाईवेमा कसैको स्माक हेर्न सवाीसाधनलाई छुट समय छैन । सवाी साधन मोडिनुपर्दछ ट्राफिक लाईट सवाीसाधन चालक जेब्राक्रसिङमा हिड्ने यात्रुले देख्नुपर्दछ ।

शिक्षणसंगै सांगीतीक क्षेत्रमा रमाएका चेतन

अभिनय
जिना थापा मगर/ सुमन थापा मगर

बोल : पिपलुको डाली ....
स्वर : चेतन आले मगर/ टिना राना मगर
लय : जमुना राना शब्द : हुम गैरे
उत्पादक तथा बितरक ....
सजन म्युजिक प्रा. लि.

❖ **बेदकुमारी राई**

उदयपुर जिल्लाको त्रियुगा नगरपालीका १५ खाँबुमा जन्म भएको चेतन आले मगर हाल त्रियुगा नगरपालीका १० मा बस्दै आइरहेका छन। विगत २५ बर्षदेखि शिक्षण पेशामा कार्यरत साथै सांगीतीक क्षेत्रमा पनि उत्तिके रुची राख्ने आलेको पिपलको ढाली बोलको गित बजारमा छाएको छ ।

उनि अहिले ४६ बर्षको भए। उनले खाँबुमा कक्षा ७ सम्म अध्यन गरे भने माध्यामीक तहको अध्ययन गाईघाटको त्रियुगा मा विमा पुरा गरे । उच्च तहको शिक्षा उनले प्राईभेट स्कुलबाट सो सियस साइन्स विषय लिएर राजविराजमा आईए सके । विएडको पढाइ उनले जनकपुरबाट पुरा गरे लगत्तै मास्टर्स डिग्री काठमाण्डौंको किर्तिपुरबाट अध्यन पुरा गरेका थिए ।बिपन्न परीवारमा हुर्केका आलेलाई धेरै पढने र सांगीतीक क्षेत्रमा लाग्ने सानै देखिको सोक थियो ।

त्यसकारण गोठाले जाँदा होस् या कुनै काम गर्दा उनले रेडियोमा सुनेका गीतहरुलाइ कपीमा टिपेर गाउने प्रयत्न गर्थे । उनलाई पढने रहर असाध्यै भएकाले त्यसमा घरको आर्थिक स्थिती कमजोर भएका कारण छिटै जागिर खाने क्रममा उनि शिक्षक बने ।उनलाइ साथीहरुबाट गित गाउने हौसला मिल्थो तर कर्म भने शिक्षण पेसामा आधारीत भए । कर्म शिक्षण पेशामा भएता पनि गित गाउने रहर उनले कहिले मारेनन् ।

त्यसले गर्दा उनले गित गाउन साथीहरुलाइ धेरै सहयोग मागे तर नयाँ मान्छेलाइ स्थान नदिने, बजार नपाउने भएका कारण उनले त्यो बेला अवसर पाएनन्। तर धेरै सालपछि २०७५ साल मंसिर महिनाको १९ गत्ते उनलाई पिपलुको ढाली भन्ने बोलको गीत गाउने अवसर मिल्यो । जुन होमगैरेको शब्द,पाल्पाकी जमुना राना मगरले सिर्जना गरेका थिए यस गित उनले प्रथम पटक पाल्पाकै जिना राना मगरसंग गाउने अवर मिलेको थियो ।

उनि पुर्वेली भाकामा गित गाउन साथै उनि लोक गित लोक संस्कृति झल्कने जस्ले सबैको मन छुने खालका गीत गाउन रुचाउछन्। उनि राजनैतिक क्षेत्रमा पनि उनी संघीय शिक्षक युनियनको केन्द्रिय उपाध्यक्ष भएर काम गरेका थिय र अहिले पनि केन्द्रिय उपाध्यक्षको जिम्मेवारीमा छन् ।

असार १६ गते बुधबार गाईघाटको तरकारी भाउ

१,	आलु	रु ३०
२,	अदुवा	रु १२०
३,	टमाटर	रु ६०
४,	बन्दा	रु ५०
५,	भेन्टा	रु ४०
६,	खुर्सानी	रु ८०
७,	मुला	रु ४०
८,	पर्बल	रु ६०
९,	तितेकरेला	रु४०
१०,	भिन्डी	रु ४०
११,	च्याउ	रु २००
१२,	फुलकोबी	रु १००
१३,	फर्सि	रु ५०
१४,	कटहर	रु ४०
१५,	काका	रु ४०
१६,	धनियाँ	रु ८०
१७,	लोकलबोडि	रु ८०
१८,	खर्बुजा	रु ४०
१९,	रायो साग	रु १००
२०,	लट्टे साग	रु ६०

सार्वजनिक हितका लागि उदयपुरगढी गाउँपालिकाको सूचना !

'सहभागितात्मक, समावेशी तथा साझेदारीपूर्वक विकास निर्माण,
स्वच्छ, निष्पक्ष तथा सुशासनयुक्त कार्यशैली हाम्रो अभियान !'

जेष्ठ नागरिक, एकल महिला, अपाङ्गता र अशक्त नागरिकप्रति जिम्मेबार बनौं । जन्म, मृत्यु, बसाई सराई, बिबाह, सम्बन्ध विच्छेदजस्ता व्यक्तिगत घट्ना घटेको ३५ दिनभित्र आ-आफ्नो वडा कार्यालयमा गएर दर्ता गरौं, गराऔं ।

उदयपुरगढी गाउँपालिका
उदयपुर

नगर प्रहरीप्रति ; Dlfg . गाईघाट बजार क्षेत्रको सडकपेटीमा ब्यापारीहरुले सामान राखेर पैदलयात्रीलाई पैदल हिड्न अबरुद्ध गरेपछि त्रियुगा नगरपालिकाको नगरप्रहरीले सामान हटाउँदै। तस्विर - बुद्धि कुमार राई ।

तरकारीको मुल्य घटबढ

❖ **मनिताकुमारी राई**

गाईघाट, असार १६

ब्यापारीहरुले तरकारीको मुल्य दिनप्रतिदिन बढाइरहेको छ ।४ दिनको अन्तरमा ब्यापारी हरुले २० देखि ३० प्रतिशत मुल्य बढाएका छन् ।४ दिन अघि आईबार सम्म आलु ४० रुपैयाले बेचेको अहिले ५० रुपैया केजिले बेचिरहेका छन् ४ दिन अघि अदुवा रु१२० रुपैयाले बेचेको छ। अहिले पनि अदुवाको भाउँ त्यहि रहेको छ।

टमाटर ४ दिन अघि ६० मा किन्न पाईन्थ्यो। तर बुधवार ८० मा बेचेका छन्। भेन्टा ४ दिन ४ अघि ४० रुपैया प्रतिकेजि बेचेका छन् भर्ने अहिले ६० रुपैया प्रतिकेजि पाईएको छ । खुसार्नि ४ दिन अघि १०० रुपैया केजि थियो बुधवार ८० रुपैया के.जी सम्ममा बेचिरहेका छन्

। ४ दिन अघि मुला ६० रुपैया के.जी बेचेका छन भन्ने बुधवार प्रतिकेजी ६० रुपैयामा नै बेचेको पाईएको छ ।

४ दिन अघि पर्बल ८० रुपैया के.जी बेचेका छन् । बुधवार ६० रुपैयामासम्म ब्यापारीहरुले बेचेका छन् ।

टमाटर ४ दिन अघि ६० मा किन्न पाईन्थ्यो। तर बुधवार ८० मा बेचेका छन्। भेन्टा ४ दिन ४ अघि ४० रुपैया प्रतिकेजि बेचेका छन् भर्ने अहिले ६० रुपैया प्रतिकेजि पाईएको छ। खुसार्नि ४ दिन अघि १०० रुपैया केजि थियो बुधवार ८० रुपैया के.जी सम्ममा बेचिरहेका छन्

। ४ दिन अघि मुला ६० रुपैया के.जी बेचेका छन भन्ने बुधवार प्रतिकेजी ६० रुपैयामा नै बेचेको पाईएको छ ।

४ दिन अघि पर्बल ८० रुपैया के.जी बेचेका छन् । बुधवार ६० रुपैयामासम्म ब्यापारीहरुले बेचेका छन् । ४ दिन अघि आइतबार तितेकरेला रु ४० मा बेचेका छन् । बुधबार ८० रुपैया प्रतिकेजी बेचेको पाईएको छ ।४ दिन अघि भिन्डि ४० रुपैया प्रतिकेजि बेचेका छन् । बुधबार बुधबार भिन्डिको मुल्य प्रतिकेजी ८० रुपैया पुगेको छ ।च्याँउ चारदिन अघि २०० सय रुपैया प्रतिकेजी बेजेका छन् भर्ने बुधबार २२० रुपैया केजीले बेचेका छन् । ४ दिन अघि फुलकोबि १०० रुपैया बेचेका छन्। बुधबार १६० रुपैया के.जि बेचेका छन् ।

४ दिन अघि फर्सि ५० रुपैया के.जि.बेचेका छन् । बुधबार पनि फर्सिको भाउँ त्यहि रहेको छ ।४ दिन अघि कतहर प्रतिकेजि ४० मा बेचेका छन् । बुधबार ५० रुपैया ५० रुपैया केजिले बेचिरहेका छन् । ४ दिन अघि काका ४० रुपैया केजीले बेचेका छन् । बुधबार ८० रुपैया केजी बेचिरहेका छन् । ४ दिन अघि लोकल बोडि ८० रुपैया केजि बेचेका छन , भर्ने बुधबार उहि मुल्य रहेको छ ।

४ दिन अघि आईतबार रायो साग १०० रुपैयाँ केजि बेचेका छन् ।बुधबार ८० रुपैया केजि बेचिरहेको छ । ४ दिन अघि लट्टे साग ६० रुपैया केजि बेचेको छ । बुधबार पनि सोहि मुल्यमा बेचिरहेका छन् । ४ दिन अघि प्याज ५५ रुपैयाँ केजि बेचेको छ। बुधबार ७० रुपैया केजि बेचिरहेका छन् ।

युरोकपको.....

गोल थप्न सफल भयो ।

१२० मिनेटपछिको तीन मिनेटको इन्ज्यूरी समयको पहिलो मिनेटमा युक्रेनका वैकल्पिक खेलाडी आर्टम डोबिक गोल गर्नसफल भए । उनले जीनचेनकोको पासमा गोल गरेका थिए । उनी थप गरिएको अतिरिक्त ३० मिनेटको हाफटाइम अर्थात १०६ औं मिनेटमा एन्ड्री यर्मोलेन्कोलाई विस्थापित गर्दै मैदान छिरेका थिए।

उनले गोल सेलिब्रेसन मनाउने क्रममा टिसर्ट फुकालेपछि पहेँलो कार्ड पाएका थिए । उनको युक्रेनको लागि यो पहिलो गोल हो र देशको लागि गरेको पहिलो गोल नै निर्णायक भएपछि स्वीडेनलाई २-१ ले पाखा लाउन सफल भयो ।

यद्यपि युक्रेनका लागि एक गोल गर्ने र अर्को गोलको लागि पास मिलाइदिने जीनचेनको खेलपछि म्यान अफ द म्याच चुनिए ।

स्कटल्याण्डको ग्लासगो शहरस्थीत ह्याम्पडेन रंगशालामा प्रशिक्षक एण्ड्री शेभचेनकोले युक्रेनलाई ३-५-२ को रणनीतिमा मैदान उतारेका थिए । प्रशिक्षक जेन एण्डर्सनले स्वीडेनको लागि ४-४-२ को सामान्य रणनीति अपनाएका थिए । तर उनको टोली पराजीत भयो । स्वीडेन आफूभन्दा छ स्थानको टोलीसँग हार ब्योहोर्दै प्रतियोगिताबाट बाहिरिएको छ ।

फिफा वरियतामा स्वीडेन १८ औं स्थानमा छ भने युक्रेन २४ औं स्थानमा छ ।

हेड टु हेडको कुरा गर्दा युक्रेन नै हाबी भएको देखिन्छ । योसहित भएको पाँच भेटमा स्वीडेनले एकमा मात्र जीत हात पारेको छभने बाँकी चारमा युक्रेन विजयी भएको ईतिहाँस छ। पछिल्लोपटक २०१२ को यूरोकपमा पनि यहि २-१ को नतिजामा स्वीडेन पराजित भएको थियो। स्वीडेन र युक्रेनको खेलअघि भएको खेलमा इंग्ल्याण्डले जर्मनीलाई २-० ले हराएको थियो । मंगलबार राति ९:४५ बजे सुरु भएर मध्यराति तिर सकिएको खेलमा जीत हात पारेपछि इंग्ल्याण्डले क्वाटरफाइनलमा युक्रेनको सामना गर्ने भएको छ।

इंग्ल्याण्डलाई जीताउन ७५ औं मिनेटमा रहिम स्र्टलिङ र ८६ औं मिनेटमा ह्यारी केनले एकएक गोल गरेका थिए । जर्मनी पराजीत भएसँगै ग्रुप अफ डेथ भनिएको समुह एफ को सबै टोली प्रतियोगिताबाट बाहिरिएको छ । समुह एफ मा हंगेरी समुह चरणबाटै बाहिरिएको थियो भने पहिलो, दोस्रो र उत्कृष्ट तेस्रो हुँदै शिर्ष १६ मा आईपुगेका फ्रान्स, जर्मनी र पोर्चुगल पनि प्रि-क्वाटरफाइनलबाट नैबिदा भएका छन्। योसँगै शिर्ष १६ को समिकरण पुरा भएको छ । अब शिर्ष ८ अर्थात क्वाटरफाइनलका खेलहरु एकैचोटी शुक्रबारबाट सुरु हुनेछ।

होटल रोदुङ सेकुवा कर्नर & लज
रोदुङ सेकुवा कर्नर
यहाँ खाजा नास्ता पाईन्छ ।

प्रोपाईटर - **अगम चामलिङ राई,** ९८०७७६४३४३
गाईघाट, उदयपुरको सबै भन्दा पुरानो सेकुवा कर्नर । स्थान- गाईघाट मेनचोक उत्तर लोकतान्त्रिक पिपलचोक जाने दाँया साइडमा । एनएमबी बैङ्क अगाडी । यहाँ खाने,बस्ने राम्रो व्यवस्था छ।

प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
डिभिजन वन कार्यालय उदयपुर

गर्मी मौसममा हुनसक्ने आगलागीका घटनाहरु र सोबाट हुनसक्ने जनधनको क्षति न्यूनिकरण गर्न निम्नानुसार गर्ने गरौं ।

- **सलाई, लाइटरजस्ता आगो बाल्ने सामग्रीहरु बालबालिका तथा मानसिक सन्तुलन ठीक नभएका व्यक्तिहरुले नभेट्ने ठाउँमा राखौं ।**
- **खाना पकाइसकेपछि आगो राम्रोसँग निभाऔं, खाना पकाउने ग्याँस प्रयागकर्ताले चुलो, रेगुलेटर तथा लाइटर आदि समय समयमा निरीक्षण गरौं ।**
- **चुरोट बिंडीजस्ता वस्तुहरु प्रयोगपश्चात् जथाभावी नफालौं र आगो राम्रो सँग निभाऔं ।**
- **पेट्रोल, डिजेल, ग्याँस स्टेसनको वरिपरि सलाई, लाइटरजस्ता सामग्रीको बेचबिखन तथा प्रयोग नगरौं ।**
- **आगलागीका घटना भएमा दमकल, सुरक्षाकर्मी र सञ्चारमाध्यममा खबर गरौं ।**
- **सम्भव भएसम्म घर तथा कार्यालयमा अग्नी नियन्त्रक उपकरण राखौं ।**
- **आगलागीका घटना घटेमा महिला, बालबालिका, वृद्धवृद्धा तथा अशक्तहरुको सुरक्षामा विशेष ध्यान दिऔं ।**
- **आगलागीको घटना कुनै पनि बेला घट्ने भएको हुँदा पानीका स्रोतहरु चालू अवस्थामा राखौं ।**

आकर्षक घर बिक्रिमा

उदयपुर जिल्लाको सदरमुकाम गाईघाट बजार , संगमटोल, प्याराडाईज बोडिङ जाने सडकको मुख्य रोडदेखि ६० मिटर भित्र रहेको अढाई तले आकर्षक ब्यापारिक घर बिक्रिमा ।
घरको आकर्षणहरु - भुँई तलामा २ वटा सटर , २ वटा कोठा, ट्वाईलेट बाथरुम, भर्याङ, पार्किङ भएको, माथिल्लो तलामा ३ वटा कोठा र कार्यक्रम हल भएको, अन्तिम तलामा दुई वटा कोठा र किचेन रुम भएको, बगैचा भएको, आफु बस्नको लागि बनाएको घर सुबिधा सम्पन्न र नयाँ मापद्धन्द अनुसार पुर्वाधार भएको घर किन्न ईच्छुक ब्यात्तिले सम्पर्क गर्नुहोला ।
सम्पर्क - ९८४२८३७१७४/९८०३४८८९९३

युरोकपको क्याटरफाइनल पुग्ने सबै टोलीको टुंगो

❖ बिबेक राई

गाईघाट, असार १६

१६ औं यूरोकपको प्रि-क्वाटरफाइनलको अन्तिम दुई खेल सकिएलगत्तै क्वाटरफाइनल अर्थात शिर्ष ८ पुग्ने सबै टोलीको टुंगो लागेको छ। प्रि-क्वाटरफाइनलको अन्तिम दुई खेलमा ईंग्ल्याण्डले जर्मनीलाई २-० ले र युक्रेनले स्वीडेनलाई अतिरिक्त समयमा २-१ ले पराजित गऱ्यो। एकवर्षअघि नै हुनुपर्ने यूरोकप कोरोनाको कारण यो वर्ष ११ जुनदेखि ११ जुलाईसम्म यूरोपको विभिन्न ११ देशको ११ शहरमा सञ्चालन भईरहेको छ। २०२१ मा भएपनि यसको नाम यूरोकप २०२० नै राखिएको छ। नेपाली समयअनुसार बुधबार बिहान १२:४५ बजे भएको खेलमा युक्रेनले स्वीडेनको चुनौती २-१ ले समाप्त पाऱ्यो। छनौट खेलमा युक्रेन समुह बी को विजेता र स्वीडेन समुह एफ को उपविजेता हुँदै यूरोकप खेल्न आएको हो। यूरोकपमा आइसकेपछि युक्रेन समुह सी र स्वीडेन समुह ई मा परेको थियो। जसमा स्वीडेन समुह चरणमा एउटै खेल नहारि दुई जीत र एक बरारबी गर्दै समुह ई को विजेताको हैसियतमा शिर्ष १६ मा आईपुगेको थियो। समुहमा एक खेलमात्र जीतेको युक्रेन भने बल्लतल्ल तेस्रो हुने उत्कृष्ट चार टोलीको अन्तिममा पर्दै शिर्ष १६ मा आईपुगेको थियो।

तर शिर्ष १६ अर्थात प्रि-क्वाटरफाइनलको भेटमा बल्लतल्ल आएको युक्रेनले समुहमा एउटै नहारेको स्वीडेनलाई हारको स्वाद चखायो। ओलेक्सान्द जीनचेनकोले २७ औं मिनेटमा गोल गर्दै युक्रेनलाई अग्रता दिलाएका थिए। उनको युक्रेनको लागि यो सातौं गोल हो। २५ मिटर टाढाबाट इमिल फोर्सबर्गले देब्रे खुट्टाले प्रहार गर्दै गोल गरेपछि स्वीडेन बराबरीको अवस्थामा आइपुगेको थियो। तर निर्धारित ९० मिनेटको समयसम्म पनि १-१ को बराबरी रहिरहेपछि अतिरिक्त ३० मिनेट थप गर्नु परेको थियो। निर्धारित समयमा नतिजा ननिस्किएपछि अतिरिक्त समय थप गरिएको प्रि-क्वाटरफाइनलको आठमध्ये यो चौथो खेल हो।

थप गरिएको अतिरिक्त ३० मिनेट भने स्वीडेनलाई फलदायी भएन। ९९ औं मिनेटमा डिफेन्डर मार्कस ड्यानिलसनले रातो कार्ड पाएपछि स्वीडेन दश खेलाडीमा खुम्चिनुपरेको थियो। उनले युक्रेनका आर्टम बेसेडीनलाई फाउल गरेका थिए। ईटालीका रेफ्री डेनिल ओर्साटोले सुरुमा मार्कसलाई पहेँलो कार्ड दिएपनि भिडियो असिस्टेन्ट रेफ्री (भार) को मद्दतमा रातो कार्ड दिएका थिए। युक्रेनले स्वीडेन दश खेलाडीमा घटेको मौकाको फाइदा उठाउन सफल पनि भयो। युक्रेन खेल सकिन अन्तिम केहि मिनेट बाँकी रहदा

– *बाँकी ३ पेजमा*

फुटबल खेलको आकर्षण। उदयपुर जिल्लाको सदरमुकाम गाईघाट बोक्से स्थित बालमन्दिर माध्यमिक विद्यालय परिसरमा रहेको खुल्ला क्षेत्रमा फुटबल खेल्दै बोक्सेका फुटबलप्रेमी खेलाडीहरु। *तस्विर - बुद्धि कुमार राई।*

समयमै कर तिरौं : असल नागरिकको परिचय दिऔं

- आफुले सञ्चालन गरेको व्यापार, व्यवसाय गाउँपालिकामा गएर दर्ता गरौं र समयमै नविकरण गर्ने गरौं।
- व्यवसाय दर्ता गरेर मात्र व्यापार, ववसाय सञ्चालन गरौं, असल व्यवसायीको पहिचान कायम गरौं।
- उपभोक्ताको स्वास्थ्यमा प्रतिकुल असर पार्ने कुनै किसिमका खाद्य बस्तुको विक्री वितरण नगरौं।
- विना इजाजत मदिराजन्य पदार्थको विक्री वितरण नगरौं।
- खाद्य र अखाद्य वस्तु एकै ठाउँमा राखेर विक्री वितरण नगरौं।
- समयमै कर तिरौं : कर तिर्न बिलम्ब गर्दा हुनसक्ने जरिवाना र हर्जाना तिर्नबाट बचौं।

रौतामाई गाउँपालिका
भुटार, उदयपुर

उदयपुरगढी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
उदयपुरगढी, उदयपुर
कृषि शाखा

जनहितमा जारी सन्देश !

- कृषिको व्यावसायीकरण गरौं । खाद्य सम्प्रभुत्व र आत्मनिर्भर गाउँपालिका निर्माणमा सहभागी बनौं,
- किसानलाई सम्मान गरौं । जैविक विविधतामा आधारित पर्यावरणीय कृषि पेशा अवलम्बन गरौं,
- कृषिमा आत्मनिर्भर, पशु पालनमा युवा सहभागिता बढाएर स्वरोजगार बनौं,
- बाँझो जमिन उपभोग गरि खाद्यान्न संकट हटाउनमा जोड दिऔं,
- मानव स्वास्थ्य र वातावरणलाई बचाउन अर्गानिक खेती प्रवर्द्धन गरौं,
- माटोमा जिवित वस्तुहरुको संख्या वृद्धि गरि माटोको उर्वराशक्ति बढाऔं,
- उपयोगी मित्र जिव किराको संरक्षण गरौं,
- रसायनिक विषादीका नकारात्मक असरहरु बारे सचेत रहौं,
- रैथाने बालीवस्तुको संरक्षण गरौं,
- बाली विमा गरौं, भवितव्यबाट हुने क्षतिको न्यूनीकरण गरौं,
- सिंचाइ तथा सार्वजनिक कुवा, कुलो, पैनीको संरक्षण गरौं ।

Ad by [illegible]

माझखर्क साप्ताहिकको सह-प्रकाशन
मुलुकी

प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई (बुद्धि चामलिङ राई)
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय – त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोन:– ०३५-४२०३९४/९८५२८३५८८८
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण : लक्ष्मी अफसेटप्रेस, गाईघाट